

# १० याद गर्नु, नबिर्सिनु

***यस अध्यायका मूल पदहरू:*** उत्पत्ति ९:८-१७, व्यवस्था ४:३२-३९, प्रकाश १४:१२, व्यवस्था ४:९,२३, व्यवस्था ६:७, व्यवस्था ८:७-१८ र एफिसी २:८-१३।

***यस अध्यायको मूल सार पद:*** **"मरुभूमि वा उजाड़-स्थानमा तिमीहरूले कसरी परमप्रभु तिमीहरूका परमेश्वरलाई रीस उठायौ, यो कुराको सम्झना गर, र कहिल्यै नबिर्स। मिश्रबाट निक्लेको दिनदेखि यस ठाउँमा आइपुगुञ्जेल तिमीहरूले परमप्रभुको विरोध गरी नै रहेका छौ"** (व्यवस्था ९:७)।

दुई शब्दहरू बाइबलमा जतातते छरिएका छन्: सम्झनु वा याद गर्नु र नबिर्सनु। ती दुवै शब्दहरू मानिसहरूतिर लक्षित गरिएको छ। ती दुवै शब्दहरूले हाम्रो दिमागमा कस्तो काम गर्छ भनेर पनि देखाउँछ। ती दुवै शब्दहरू क्रियापद (वा सक्रिय पद) हुन्। ती दुवै शब्दहरू एक आपसमा बिपरित छ: याद गर्नु वा सम्झनु भन्नुको अर्थ नबिर्सनु हो, र बिर्सनुको अर्थ याद नगर्नु वा नसम्झनु हो।

आफ्ना जनहरूलाई उहाँले के के गर्नुभयो सो याद गर्नु भनेर परमेश्वरले बारम्बार भन्नुभएको थियो; तिनीहरूमाथि उहाँको अनुग्रह र तिनीहरूप्रति उहाँले गर्नुभएको भलो। हिब्रू वा इस्राएलीहरूलाई परमेश्वरले के गर्नुभयो सो नबिर्सनु वा याद गर्नु भन्ने अगमबक्ताहरूको शब्द तिनीहरूका सन्देशहरूमा समावेश भएको पाइन्छ। परमेश्वरले तिनीहरूलाई चुन्नुभएको र त्यसको प्रत्युत्तरमा तिनीहरू कस्तो खालका मानिसहरू हुनुपर्छ सो पनि नबिर्सनु अति महत्त्वपूर्ण ठान्नुपर्दथ्यो। भजन ७७:११,१२लाई हामीले दिनदिनै मनमा राख्नु जरुरी छ: "परमप्रभुका कार्यहरूको म स्मरण गर्नेछु, निश्चय नै विगत समयमा भएका तपाईंका आश्चर्यकर्महरू म सम्झनेछु।म तपाईंका सबै

कामहरूमाथि मनन गर्नेछु, र तपाईंका सबै शक्तिशाली कार्यहरूमाथि चिन्तन गर्नेछु।"

यस मामिलामा हाम्रो निम्ति अहिले पनि फरक छैन, चाहे सामूहिक स्तरमा होस् र अझै व्यक्तिगतस्तरमा होस्। तर व्यक्तिगत होस् वा सामूहिकरूपमा होस् परमेश्वरले हामीलाई कस्तो आशिष दिनुभयो भन्ने कुरालाई बिर्सन कस्तो  सजिलो छ, छैन त?

व्यवस्थाको पुस्तकमा व्यक्त गरिएको यस महत्त्वपूर्ण नीतिलाई यस अध्यायमा हामी नियाल्नेछौं। परमेश्‌वर र हाम्रो बीचमा भएको कारोबार वा अन्तर्क्रियालाई हामीले नबिर्सिकन सम्झिरहनु जरुरी छ। आउनुहोस्, यस मामिलामा अघि बढौं।

## १. इन्द्रेनीलाई सम्झिनु

"सम्झिनु वा याद गर्नु" भन्ने शब्द बाइबलमा प्रथम् पटक उत्पत्ति ९मा देखा पर्दछ। विश्व जलप्रलय भएपछि परमेश्वरले नोहालाई भन्नुभएको थियो कि उहाँले आकाशमा इन्द्रेणी वा रङ्गीबिरङ्गी गोलाकार ठड्याउनुहुनेछ। त्यो इन्द्रेनी परमेश्वर र यस पृथ्वीको बीचमा भएको करार वा सम्झौता थियो। परमेश्वरले यस सारा पृथ्वीलाई जलप्रलयबाट फेरि ध्वस्त बनाउनुहुनेछैन भन्ने उहाँको करार, वाधा वा प्रतिज्ञा थियो।

**उत्पत्ति ९:८-१७ पढ्नुहोस्। यसमा "सम्झने" भन्ने शब्द कसरी प्रयोग गरिएको छ, र यसबाट हामीले के सिक्ने ताकि परमेश्वरले हामीलाई के गर्नुभयो सो हामीले पनि सम्झिनुपर्छ भन्ने धारणालाई सिकाउँदछ? हेर्नुहोस्, "८ तब परमेश्वरले नोआ र तिनका छोराहरूलाई यसो भन्नुभयो, ९ "तिमीहरू र तिमीहरूका भावी सन्तानसित, १० तथा जहाजबाट तिमीहरूसित निस्केर आएका सबै जीवित प्राणीहरू— अर्थात्, पन्क्षीहरू, पालिने पशुहरू, वन-पशुहरू-तिमीहरूसित भएका पृथ्वीका सबै जीव-जन्तुहरूसित म मेरो करार स्थापित गर्दछु। ११ म तिमीहरूसित मेरो यो करार स्थापित गर्दछु, कि सबै प्राणी फेरि कहिल्यै प्रलयको पानीले नष्ट हुनेछैनन्,अनि पृथ्वीलाई सर्वनाश गर्न फेरि कहिल्यै जलप्रलय हुनेछैन।" १२ अनि परमेश्वरले भन्नुभयो, "जुन करार मेरो र तिमीहरू र तिमीहरूका साथमा भएको हरेक जीवित प्राणीको बीचमा सबै पुस्तौंसम्मको निम्ति म ठहराउँदैछु, त्यसको चिन्ह यही हुन्छ। १३ म बादलमा मेरो इन्द्रेनी राख्तछु, र मेरो र पृथ्वीको बीचमा त्यो एउटा करारको चिन्ह हुनेछ। १४ जहिले-जहिले म पृथ्वीमा बादल फिंजाउँछु र बादलमा इन्द्रेनी देखा पर्छ, १५ मेरो र तिमीहरू अनि हरेक किसिमको जीवित प्राणीको बीचमा रहेको**

**मेरो करार म सम्झनेछु। पानीले फेरि कहिल्यै सबै प्राणीलाई नाश गर्ने प्रलय ल्याउनेछैन। १६ जुन बेला बादलमा इन्द्रेनी देखा पर्छ, म त्यो हेरेर यो सधैंको करारलाई सम्झनेछु, जो परमेश्वर र पृथ्वीका सबै जीवित-जीवातसँग बाँधिएको छ।" १७ यसरी परमेश्वरले नोआलाई भन्नुभयो, "मैले पृथ्वीका सारा प्राणी र मेरो बीचमा बाँधेको करारको चिन्ह यही हो।"**

वास्तविकरूपमा भन्ने हो भने परमेश्वरले आफ्नो प्रतिज्ञा र करारलाई सम्झिन उहाँलाई इन्द्रेनीको आवश्यकता छैन। मानव जगतले बुझ्ने भाषामामात्र उहाँले बोल्नुभएको थियो। यो इन्द्रेनी हामी मानव प्राणीको निम्ति हो। परमेश्वरले सारा पृथ्वीलाई जलप्रलयद्वारा नष्ट गर्नुहुनेछैन भन्ने परमेश्वरको करार र प्रतिज्ञालाई हामीले पो सम्झिनुपर्दछ। अर्को शब्दमा भन्ने हो भने मानिसहरूले यो विशेष करार सम्झन सहयोग गरोस् भनेर परमेश्वरले इन्द्रेनीलाई रच्नुभएको थियो। प्रत्येक पल्ट जब आकाशमा इन्द्रेनी देखा पर्छ परमेश्वरका जनहरूले यी कुराहरूलाई याद गर्नु जरुरी ठान्नुपर्दछः (१) परमेश्वरले दुष्ट मानिसहरूको पापप्रति गरिने फैसला वा न्याय-त्यसबेला उहाँले पानी पठाउनुएर तिनीहरूलाई नष्ट गर्नुभयो भने पछि उहाँले आगो पठाएर नष्ट गर्नुहुनेछ (२) यस संसारप्रति उहाँको प्रेम (३) र सारा पृथ्वीलाई पानीद्वारा फेरि ध्वस्त नपार्ने उहाँको प्रतिज्ञा।

त्यसकारण सम्झिने भन्ने अवधारणाको महत्त्वपूर्ण धारणा हामीले यहाँ देख्दछौंः परमेश्वरका प्रतिज्ञाहरूलाई सम्झिनु, परमेश्वरका चेतावनीहरूलाई सम्झिनु, यस संसारमा परमेश्वरले गर्नुहुने विभिन्न क्रियाकलापहरूलाई सम्झिनु।

आजको विश्वको परिवेशमा आकाशमा देखा पर्ने प्रकृतिको नियममा आधारित निरन्तररूपमा देखा पर्ने इन्द्रेनी कतिको महत्त्वपूर्ण छ सोच्नु अनिवार्य छ। विश्व जलप्रलय भएको थियो भनेर विशेष गरेर धेरै बैज्ञानिकहरूले अस्वीकार गर्ने परिप्रेक्ष्यमा येशूमा विश्वास गर्नेहरूको निम्ति इन्द्रेनीको सन्देश वैज्ञानिकहरूको धारणासँग बाझेको पाइन्छ। प्राकृतिक नियमको बिपरित विश्वजलप्रलय हुनेछ भन्ने धारणा जलप्रलय हुनुभन्दा अघिका मानिसहरूले पनि विश्वास गरेका थिएनन् भनेर एलेन जी ह्वाइटले राख्नुभएको भनाइ अत्यन्तै रोचक मान्नुपर्दछ। पाट्रियार्क एण्ड प्रोफेटस्को पृ. ९७मा "परमेश्वरआफैले स्थापना गर्नुभएको कडासँग गाडिएको प्राकृतिक नियमहरूलाई बदल्नुहुन्न भनेर त्यस बेलाका बुद्धिजीवीहरूले (वा वैज्ञानिकहरूले) तर्क गरेका थिए" भनेर उनले लेखेकी थिइन्। त्यसकारण, जलप्रलय हुनुभन्दा अघि नै प्रकृतिको नियम अनुसार जलप्रलय हुनै सक्दैन भनेर मानिसहरूले बादबिबाद गरेका थिए;

विश्व जलप्रलयपछि प्रकृतिकै नियमको आधारमा कहिल्यै पनि जलप्रलय भएको थिएन भनेर बुद्धिजीवी वा वैज्ञानिकहरूले तर्कवितर्क प्रस्तुत गरिरहेको छ।

तर विश्व जलप्रलय भएको थियो र यस संसारलाई प्रतिज्ञाको चिन्ह दिनुभएर उहाँले फेरि जलप्रलयले विश्व ध्वस्त गर्नेछैन भन्ने प्रतिज्ञा उहाँले दिनुभएको बाइबलले बताउँदछ। त्यसकारण जब हामी इन्द्रेनी देख्छौं र त्यसको अर्थ के हो सो हामी याद गर्छौं हामी यो कुरामा विश्वस्त हुनसक्छौं कि आकाशमा देखा पर्ने सुन्दर रङ्गीविरङ्गी अक्षरहरूले उहाँको वचन सत्य छ भनेर देखाउँदछ। यदि उहाँले गर्नु भएको प्रतिज्ञाको वचन हामीले विश्वास गर्न सक्छौं र भरोसा राख्न सक्छौं भने बाइबलमा हाम्रो निम्ति उल्लेख गरिएका उहाँका अरू वचनहरूलाई पनि किन विश्वसा नगर्ने?

**अर्को पल्ट जब तपाईंले इन्द्रेनी देखापर्छ तब परमेश्वरका प्रतिज्ञाहरूलाई सम्झिनुहोस्। परमेश्वरले गर्नुभएको सबै प्रतिज्ञाहरूमाथि भरोसा राख्न हामी कसरी सिक्ने?**

## २. बिगतका दिनहरूको बारेमा

इस्राएलीहरू परमेश्वरका चुनिएका जाति भएकोले तिनीहरूलाई दिइएका महान् विशेषाधिकार वा अवसरहरूलाई तिनीहरूले कायम राख्न तिनीहरू के गर्नुपर्छ भनेर उहाँले मोशाद्वारा अचम्मका आदेशहरू दिनुभएको थियो। ती आदेशहरू हामीले व्यवस्था ४मा हेऱ्यौं। उहाँले तिनीहरूलाई मिश्रदेशबाट छुटाएर ल्याउनुभएको थियो। व्यवस्था ४:३४मा उल्लेख गरिएको छः "परमप्रभुले मिश्रमा तिमीहरूका आँखाका अगि जाँच गरेर उदेकका चिन्हहरू र आश्चर्यकर्महरू देखाई युद्ध लड़ेर, आफ्नै बाहुबल र फैलिएको पाखुरा प्रयोग गरेर, भयानक आतङ्कद्वारा अर्को जातिबाट आफ्नो निम्ति एक जाति निर्माण गर्नुभएझैं अर्को कुन ईश्वरले यस्तै गर्न प्रयत्न गरेको छ?" अर्को अर्थमा भन्ने हो भने परमेश्वरले तिनीहरूको निम्ति महान् कार्यहरूमात्र गर्नुभएन, तर कुन कार्यहरूद्वारा सो काम फत्ते गरियो त्यो तिनीहरूले कहिल्यै नबिर्सने खालका थिए। तिनीहरूको निम्ति उहाँले गर्नुभएको कामहरू चानचुन थिएन तर महान् थिए।

**इस्राएलीहरूले के सम्झिनुपर्छ भनेर व्यवस्था ४:३२-३९ लेखिएको छ। उहाँका महान् कार्यहरू तिनीहरूले सम्झिरहनु किन महत्त्वपूर्ण थियो? हेर्नुहोस्: "३२ यस्तो महान् घटना अघि कहिल्यै घटेको वा सुनिएको थियो? पृथ्वीमा परमेश्वरले मान्छे सृष्टि गर्नुभएको आदिकालको विषयमा सोध-खोज गर। आकाशको वल्लो छेउदेखि पल्लो छेउसम्म पनि यही कुराको निधो गर।**

**३३ के कुनै अरू जातिले तिमीहरूले झैं आगोबाट बोल्नुहुने परमेश्‍वरको वाणी सुनेको छ र जीवित रहेको छ? ३४ परमप्रभुले मिश्रमा तिमीहरूका आँखाका अगि जाँच गरेर उदेकका चिन्हहरू र आश्‍चर्यकर्महरू देखाई युद्ध लड़ेर, आफ्नै बाहुबल र फैलिएको पाखुरा प्रयोग गरेर, भयानक आतङ्कद्वारा अर्को जातिबाट आफ्नो निम्ति एक जाति निर्माण गर्नुभएझैं अर्को कुन ईश्‍वरले यस्तै गर्न प्रयत्न गरेको छ? ३५ परमप्रभु नै परमेश्‍वर हुनुहुन्छ, र उहाँबाहेक अरू कोही छैन भनी बुझाउनलाई ती तिमीहरूलाई देखाइएका हुन्। ३६ तिमीहरूलाई अनुशासनमा राख्न उहाँले आकाशदेखि आफ्नो सोर सुनाउनुभयो, र पृथ्वीमा आफ्नो ठूलो अग्नि तिमीहरूलाई देखाउनुभयो। तिमीहरूले अग्निबाट उहाँका शब्दहरू सुन्यौ। ३७ उहाँले तिमीहरूका पिता-पुर्खालाई प्रेम गर्नुभएकोले र तिनीहरूपछि तिनीहरूका वंशलाई चुन्नुभएकोले, उहाँले आफ्नो उपस्थितिद्वारा र आफ्नो महाशक्तिद्वारा तिमीहरूलाई मिश्रदेखि निकाल्नुभयो। ३८ तिमीहरूले आफूभन्दा महान् र शक्तिशाली जातिहरूको देशमा प्रवेश गरी अधिकार गर भनेर आज उहाँले उनीहरूलाई धपाइदिनुभएको छ। ३९ परमप्रभु नै माथि स्वर्गमा र तल पृथ्वीमाथि परमेश्‍वर हुनुहुन्छ र उहाँ छोड़ी अरू कोही छैन भनेर तिमीहरूले आज थाहा गर र हृदयमा राख।"**

इतिहासको पाना पल्टाएर इस्राएलीहरूलाई मोशाले सम्झाउन खोज्छन्। सृष्टिदेखि लिएर अझसम्मको इतिहासमा जुन काम परमेश्‍वरले तिनीहरूको निम्ति गर्नुभयो सो अरू कसैले र कहीं गरेको छ कि भनेर तिनीहरूबाट जवाफ पाउन उनले सोध्छन्। तिनीहरू आफैले आफैलाई सोधेर तिनीहरूले जस्तो अनुभव गरेको त्यस्तो अचम्मको काम कहिल्यै भएको थियो कि भनेर सोच भनेर उनले अऱ्हाउँछन्। आफूले आफैलाई नै केही प्रश्‍नहरू गरेर परमेश्‍वरले तिनीहरूको निम्ति के गर्नुभयो सो तिनीहरूले महसुस गरुन् भनेर मोशाले बुझाउन प्रयास गरेका थिए। आखिरमा आएर तिनीहरूको जीवनमा परमेश्‍वरले गर्नुभएको महान् शक्तिशाली कामप्रति आभारित हुँदै उहाँलाई धन्यवाद चढाउने बानी बसालुन् भन्ने मोशाको चाहना थियो।

परमेश्‍वरले तिनीहरूलाई गर्नुभएको सबै कामहरूको मूख्य काम नै तिनीहरूलाई मिश्रदेशबाट छुट्कारा गरेर ल्याउनुभएको थियो। अझ अचम्म लाग्दो कुरो त उहाँका बचनहरू सिनै पहाडमा आगोबाट तिनीहरूले सुन्ने गरेर बोल्नुभएको थियो।

**आखिरमा, परमेश्‍वरले तिनीहरूको निम्ति जे गर्नुभयो त्यसको जवाफमा तिनीहरूबाट मोशाले के अपेक्षा गरेका थिए? हेर्नुहोस्, व्यवस्था ४:४० "आज मैले तिमीहरूलाई दिन लागेका उहाँका विधि र आज्ञाहरू पालन गर, र तिमीहरू**

**र तिमीहरूका पछिका वंशको भलो होस्, र परमप्रभु तिमीहरूका परमेश्वरले अनन्त कालसम्म दिनुभएको देशमा तिमीहरूको आयु लामो होस्।"**

परमेश्वरले जे जे गर्नुभयो सो लक्ष्यहिन थिएन। उहाँले उहाँका जनहरूलाई उद्धार गर्नुभयो। उहाँको तर्फबाट तिनीहरूसँग स्थापना गर्नुभएको करारलाई पालन गर्नुभएको थियो। तिनीहरू मिश्र देशबाट स्वतन्त्र भएका थिए र अब तिनीहरू प्रतिज्ञा गरिएको देशमा जानै लागेको थियो। परमेश्वरले आफ्नो भाग खेल्नुभएको थियो; अब तिनीहरूले आफ्नो भाग खेल्न आह्वान गरिएको थियो। तिनीहरूको जिम्मेवारी सरल थियो, केवल उहाँको आज्ञा पालन।

**यो आह्वानमा नयाँ करारमा व्यक्त गरिएको मुक्तिको योजनालाई कसरी देखाउँछ? येशूले हाम्रो निम्ति के गर्नुभयो र त्यसको प्रत्युत्तरमा हामीले के गर्नुपर्छ? हेर्नुहोस्, प्रकाश १४:१२ "परमेश्वरका आज्ञाहरू पालन गर्ने र येशूमाथि विश्वास राख्ने सन्तहरूको धैर्य धारण यसैमा छ।"**

## ३. होसियार होऊ.....तिमीहरूले बिर्सेला

**व्यवस्था ४:९,२३ पढ्नुहोस्। यहाँ परमेश्वरले के भनिरहनुभएको छ। सारा यहूदी राष्ट्रको निम्ति उहाँले दिनुभएको यो अर्ति र आदेश किन महत्त्वपूर्ण थियो? हेर्नुहोस्, "९ तर होसियार बस र आफ्नो मनलाई सचेत राख, ताकि तिमीहरूले आँखाले देखेका कुराहरू नबिर्स र ती तिमीहरूको सारा जीवनभरि तिमीहरूको मनदेखि नहटून्। ती तिमीहरूका छोराछोरीहरू र नाति-नातिनाहरूलाई सिकाओ।...२३ सावधान रहो! परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूसित गर्नुभएको करार नभुल, र उहाँले निषेध गर्नुभएको कुनै कुराको प्रतिमा तिमीहरूले नबनाओ।"**

"होसियार होऊ" र "नबिर्स" भन्ने क्रियापदले ती पदहरूमा मूख्य स्थान लिएको छ। परमेश्वरले तिनीहरूलाई के भनिरहनुभएको थियो किः *होसियार होऊ ताकि तिमीहरूले नबिर्सोस्।* अर्थात् परमेश्वरले तिमीहरूलाई के गर्नुभयो र तिमीहरूसँग गरेको करार नबिर्स।

"होसियार होऊ" भन्ने हिब्रू भाषामा **smr** *स्मर* हो। यो क्रियापद व्यवस्था ४:९मा "आफूलाई सुरक्षित राख" भन्ने पनि जनाउँछ। यो व्याक्यांश पुरानो करारमा जताततै फैलिएको छ। यसको अर्थ "राख" वा "सुरक्षित राख" वा "निगरानी राख" हो। पहिलो पल्ट यो व्याकांश देखा परेको अदनको बगैंचामा थियो। यो रोचक मान्नुपर्दछ। उनलाई दिएको बगैंचालाई रेखदेख गरेर राख भनेर परमेश्वरले आदमलाई भन्नुभएको थियो (उत्पत्ति २:१५)।

अब परमेश्वरले मानिसहरूलाई विशेष गरेर व्यक्तिगतरूपमा (क्रियापद प्रयोग गरिएको एक वचन हो) आफूहरूलाई सुरक्षित राख, निगरानी राख नत्र तिनीहरूले बिर्सिनेछ भनेर भन्नुभएको थियो। यो स्मरण शक्ति हराउने कुरो त होइन। हुन त नयाँ पुस्ताहरू आएपछि बिर्सिने त हुन्छ नै। तर तिनीहरूसँग रहेको करारप्रति लापर्वाही नगर्न परमेश्वरले तिनीहरूलाई सचेत गराउनुभएको थियो। साथै, तिनीहरू  को हुन् त्यसप्रति सजग भइरहनुपर्दथ्यो र परमेश्वरको सामु, अरू हिब्रूहरूको सामु, तिनीहरूको बीचमा रहेका नौलो पाहुनाहरूको सामु र तिनीहरूको वरिपरि रहेका राष्ट्रहरूको सामु कस्तो जीवनशैली वा आस्था देखाउनु त्यसमा सजग रहन आह्वान गरिएको थियो।

**व्यवस्था ४:९ फेरि पढ्नुहोस्। विशेष गरेर तिनीहरूका छोराछोरीहरू र नातीनातिनाहरूलाई पनि सिकाऊ भनिएको छ। त्यस प्रक्रियाले तिनीहरूलाई नबिर्सन कसरी सघाउँछ? हेर्नुहोस्, त्यो पद र अरू पनि "९ तर होसियार बस र आफ्नो मनलाई सचेत राख, ताकि तिमीहरूले आँखाले देखेका कुराहरू नबिर्स र ती तिमीहरूको सारा जीवनभरि तिमीहरूको मनदेखि नहटून्। ती तिमीहरूका छोराछोरीहरू र नाति-नातिनाहरूलाई सिकाओ। १० होरेबमा तिमीहरू परमप्रभु तिमीहरूका परमेश्वरको सामुन्ने उभिएको दिनको सम्झना गर, जब उहाँले मलाई भन्नुभयो, "मेरा वचन सुन्नलाई मानिसहरूलाई मेरो सामु भेला गर, र त्यस देशमा बाँचुञ्जेल तिनीहरूले मेरो डर मान्न सिकून् अनि ती वचन आफ्ना छोराछोरीहरूलाई पनि सिकाऊन्" ( व्यवस्था ४:९-१०), "५ तिमीहरूले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले आफ्नो सारा प्राणले र आफ्नो सारा शक्तिले प्रेम गर। ६ मैले आज तिमीहरूलाई सुनाएका आज्ञाहरू आफ्नो मनमा राख। ७ ती तिमीहरूले आफ्ना छोराछोरीहरूलाई होसियारीसाथ सिकाओ। घरमा बस्दा, बाटोमा हिँड्दा, ढल्केर सुत्दा र उठ्दा तिनको चर्चा गर। ८ ती आफ्ना हातमा चिन्हको लागि कसिराख। ती तिमीहरूको निधारमा बाँधिराख। ९ ती आफ्ना घरका द्वारको चौकोस र मूल ढोकाहरूमा लेख" (व्यवस्था ६:५-९)।**

ती कुराहरू नबिर्सनु र तिनीहरूबाट हृदयलाई टाढा नराख्नु भनेको लगत्तै आउने पुस्ताहरूलाई सिकाउनु भनेर मोशाले गरेको आह्वान संयोग थिएन। तत्काल इस्राएलीहरूलाई परमेश्वरले के गर्नुभयो सो तिनीहरूका छोराछोरीहरूले सुन्नुमात्र होइन बराबर सुनाउँदा तिनीहरूले पनि नबिर्सिने बानी बसालिन्थ्यो। त्यसकारण परमेश्वरका चुनिएका जनहरूलाई उहाँले के गर्नुभयो सो कहिल्यै नबिर्सन वा सो ज्ञानलाई सुरक्षित राख्न एक पुस्तादेखि अर्को पुस्ता

अनि अर्को पुस्ताले सुन्दै गर्ने र सुनाउँदै गर्नुभन्दा अरू मौलिक उपाय अरू के होला र?

**प्रभु येशूले तपाईंलाई के गर्नुभयो सो अरूहरूलाई सुनाउँदा तिनीहरूमात्र होइन तपाईंलाई पनि कस्तो फाइदा अनुभव भएको थियो? तपाईंको जीवनमा परमेश्वरको अगुवाइ अरूहरूलाई सुनाउँदा उहाँको अगुवाइलाई नबिर्सन कसरी सहयोग भएको थियो?**

## ४. तन्न खाइयो र भरिपूर भइयो

सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको उच्च कार्यलय जनरल कन्फरेन्समा ३४ वर्षसम्म चर्चको अगुवा भएर काम गरेका एक जना व्यक्तिले एउटा कथा सुनाएका थिए। धेरै वर्ष अघि उनी र उनका श्रीमती एयर पोर्टमा आएपछि तिनीहरूको एउटा सुटकेस हराएको थाहा पाए। सुटकेस निकाल्ने ठाउँमा सुटकेस नआउँदा तिनीहरू त्यहीँ घुँडा टेकेर आफ्नो हराएको सुटकेस पाउन् भनेर तिनीहरूले प्रार्थना गरेका थिए। धेरै वर्षपछि फेरि त्यही घट्ना भएको थियो भनेर उनले सुनाए। उनले आफ्नी चिन्तित श्रीमतीलाई भनिन्, "सुर्ता नगर, किनभने बिमाले सोधभर्ना दिइहाल्छ नि।"

**माथिको कथालाई मनमा राखेर व्यवस्था ८:७-१८ पढ्नुहोस्। उहाँका जनहरूलाई परमेश्वरले के खबरदारी दिइरहनुभएको छ? वर्तमान परिप्रेक्ष्यमा पनि हाम्रो निम्ति त्यो किन अर्थपूर्ण हुनुपर्दछ? हेर्नुहोस्, "६ परमप्रभु तिमीहरूका परमेश्वरका मार्गमा हिँड़र र उहाँको भय मानेर उहाँका आज्ञाहरू पालन गर। ७ किनकि परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई एउटा असल देशमा लैजानुहुँदैछ। त्यहाँ खोलानाला र मूल फुटेका पानी पहाड़ र बेंसी भएर बग्छन्। ८ त्यो देश गहूँ, जौ, दाख, नेभारा, दारिम, भद्राक्षको तेल र महले भरिएको छ। ९ त्यस देशमा तिमीहरूलाई अन्नको अभाव हुनेछैन। त्यहाँ तिमीहरूलाई कुनै कुराको घटी हुनेछैन। त्यस देशमा ढुङ्गाहरू फलामका छन्, र त्यहाँका पहाड़बाट तिमीहरूले तामा निकाल्नेछौ। १० जब तिमीहरू तृप्त होउञ्जेल खान पाउनेछौ, तब तिमीहरूलाई दिनुभएको असल देशको निम्ति तिमीहरूले आफ्ना परमेश्वरको प्रशंसा गर। ११ सावधान बस! मैले तिमीहरूलाई आज दिएका उहाँका आज्ञाहरू र उहाँका विधिविधान उल्लङ्घन गरेर परमप्रभु तिमीहरूका परमेश्वरलाई नभुल। १२ नत्रता जब तिमीहरू खाएर तृप्त हुनेछौ, र राम्रा-राम्रा घरहरू बनाएर बस्नेछौ, १३ जब तिमीहरूका बगाल र बथानको वृद्धि भएर जानेछ, र तिमीहरूका सुनचाँदी र तिमीहरूसित भएका सबै थोक प्रशस्त हुनेछन्, १४ तब तिमीहरू अहङ्कारी भएर तिमीहरूलाई**

**दासत्वको देश मिश्रबाट ल्याउनुहुने परमप्रभु तिमीहरूका परमेश्वरलाई भुल्नेछौ। १५ उहाँले तिमीहरूलाई विषालु सर्प र बिच्छीहरू भएको, निर्जल र रूखो भूमि भएको विशाल र भयानक उजाड़-स्थानको बीचमा डोऱ्याउनुभयो। उहाँले तिमीहरूका निम्ति चट्टानबाट पानी निकाल्नुभयो। १६ अन्त्यमा तिमीहरूको भलो होस् भनेर उजाड़-स्थानमा तिमीहरूका पुर्खालाई थाहा नभएको मन्न खुवाएर उहाँले तिमीहरूलाई नम्र तुल्याउनुभयो र जाँच्नुभयो। १७ "हाम्रा हातको शक्ति र बलले नै यो धन-सम्पत्ति हामीले कमायौं" भनी तिमीहरूले मनमा सोचौला। १८ तर परमप्रभु तिमीहरूका परमेश्वरलाई सम्झ, किनकि उहाँले नै तिमीहरूलाई धन-सम्पत्ति प्राप्त गर्ने शक्ति दिनुहुन्छ। यसरी नै उहाँले तिमीहरूका पुर्खाहरूसित बाँध्नुभएको करार स्थिर गर्नुहुन्छ, जो आजसम्म छँदैछ।"**

परमेश्वरप्रति निष्ठावान भएर उहाँको मार्गमा हिंड्नेलाई उहाँले के गर्नुहुनेछ सो थाहा पाउनुहोस्। तिनीहरूले अचम्मको र असल जमिनमात्र तिनीहरूले पाउने होइन जुन "देशमा अन्नको अभाव हुनेछैन। त्यहाँ तिमीहरूलाई कुनै कुराको घटी हुनेछैन" (व्यवस्था ८:९) तर त्यस भूमिमा तिनीहरूलाई अत्यन्तै ठूलो आशिष पाउनेछ रे। तिनीहरूले पाउने आशिष स्पष्टरूपमा यसरी किटान गरिएको छ " बगाल र बथानको वृद्धि भएर जानेछ, र तिमीहरूका सुनचाँदी र तिमीहरूसित भएका सबै थोक प्रशस्त हुनेछन् र घरहरू पनि बनाउनेछौ" (व्यवस्था ८:१३,१२) रे। त्यसको अर्थ यस संसारमा तिनीहरूलाई चाहिने सबै भौतिक सुविधाहरू पाउनेछन् भनेर मोशाद्वारा परमेश्वरले प्रतिज्ञा गर्नुभएको थियो।

आफूलाई चाहेको र आवश्यकता परेको सबै थोक प्राप्त भएपछि त्यसपछि के त? के त्यही भौतिक सुविधामामात्रै अलमलिएर बस्ने त? भौतिक सुविधा र सम्पन्नताले जहिले पनि एउटा खतरा निम्त्याउन सक्छ त्यो हो ती सबै सुविधा र धनसम्पत्ति कमाउने शक्ति परमेश्वरले नै दिनुहुन्छ भन्ने सत्य आत्मज्ञानलाई बिर्सनु (व्यवस्था ८:१८)।

सुरुमा तिनीहरूले परमेश्वरलाई नबिर्सेला। तर तिनीहरूलाई चाहेको र आवश्यकता भएको सबै भौतिक सुविधाहरू पाउन थालेपछि तिनीहरूले आफ्नो विगतको इतिहासलाई बिर्सिन सम्भावना थियो। परमेश्वरले तिनीहरूलाई "होरेबबाट हिँड़र तिनीहरूले देखेको विशाल र महाभयङ्कर उजाड़-स्थानबाट भएर एमोरीहरू बस्ने पहाड़ी देशतिर" अगुवाइ गर्नुभएको थियो (व्यवस्था १:१९)। तर तिनीहरूको आफ्नै खुबी, दक्षता, चलाखी र बाहुबलले

ती सबै आर्जन गरेर आफ्नै खुट्टामा उभिएर सफल हुन गएको हो भन्ने आँट गर्नु नै तिनीहरूको निम्ति नै जोखिम थियो।

तर तिनीहरू आफ्नो खुट्टामा आफै उभिएको र आफ्ना उपलब्धीहरूमा परमेश्वरको केही हात छैन भनेर तिनीहरू नसोचोस् भनेर परमेश्वरले खबरदारी गर्नुभएको थियो। दुर्भाग्यवस, विशेष गरेर पछिका अगमवक्ताहरूको लेख पढ्दा तिनीहरूले त्यहीँ मनोदिशातिर लागेका थिए र धनसम्पत्तिमालाईमात्र भगवान भन्न पुगेपछि तिनीहरूको दुर्दशा कस्तो भएको थियो सो थाहा पाइन्छ।

त्यसकारण, सबै भौतिक सुविधाले सम्पन्न भएपछि परमेश्वरलाई नबिर्सिनु भनेर मोशाले इस्राएलीहरूलाई सजग गराएका थिए। तिनीहरूमा जे फलिफाप भए वा भौतिक सुविधाहरू तिनीहरूले पाए त्यो परमेश्वरबाट नै आएको हो भनेर बिर्सिनुहुन्न र भौतिक आशिषहरूमा नै अलमिलिएर परमेश्वरलाई विर्सिने धोखावाजीमा नपर्नु भनेर मोशाले आह्वान गरेका थिए। शताब्दीयौं पछि येशू आफैले बिऊ छर्ने अर्तिकथामा यो खबरदारी गर्नुभएको थियो, "यस संसारको फिक्री र धनको मोह र अरू थोकको लालच आएर वचनलाई निसासिदिन्छन्। ती फलवन्त हुँदैनन्" (मर्कूस ४:१९)।

**हामीमा जतिसुकै भौतिक सम्पन्नता वा सुविधाहरू भएतापनि, हाम्रा सबै भौतिक शरीर र रगतले जमिनको प्वाल वा आगोको चिताले पर्खिरहेको हुन्छ। धनसम्पत्तिले ल्याउने खतराको बारेमा त्यसले हामीलाई के बताउँदछ? के हाम्रा धनसम्पत्ति, उपलब्धीहरू, नाउँ, यशले होइन तर परमेश्वरले हामीलाई त्यस चिहान वा चिताबाट उम्काउनुहुन्छ भनेर हामीले सम्झिनु पर्दैन र?**

## ५. तिमीहरू दास थियौ भनेर याद गर्नु

**व्यवस्थाको पुस्तकमा लेखिएको देहायका पदहरू पढ्नुहोस्। परमेश्वरले इस्राएलीहरूलाई के विशेष कुरा कहिल्यै पनि नबिर्सनु भन्नु भएको थियो र किन? हेर्नुहोस्, व्यवस्था ५:१५ "तिमीहरू मिश्रमा कमारा हुँदा कसरी परमप्रभु तिमीहरूका परमेश्वरले आफ्नो बाहुबल र फैलिएको पाखुरा प्रयोग गरी तिमीहरूलाई निकालेर ल्याउनुभयो, सो याद राख। यसैकारण परमप्रभु तिमीहरूका परमेश्वरले शबाथ मान्न तिमीहरूलाई आज्ञा गर्नुभएको हो।", व्यवस्था ६:१२ "तब होसियार गर, र तिमीहरूलाई दासत्वको देश मिश्रबाट निकाली ल्याउने परमेश्वरलाई नभुल्नू।", व्यवस्था १५:१५ "मिश्रमा तिमीहरू कमारा हुँदा परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई मुक्त गर्नुभएको कुराको सम्झना गर। त्यही कारणले आज म तिमीहरूलाई यी आदेश दिँदैछु।", व्यवस्था १६: ३,१२ "३ खमिर हालेको रोटीसँग त्यो नखानू। सात**

**दिनसम्म अखमिरी रोटी खानू। यो कष्टको रोटी हो, किनभने मिश्रबाट तिमीहरू हतार-हतार गरी आयौ। मिश्रबाट निक्लेर आएको तिमीहरूले जीवनभरि सम्झना राख्नलाई यो खानुपरेको हो।...१२ याद राख, तिमीहरू मिश्रमा कमारा-कमारी थियौ, र यी विधिहरू होसियारीसँग पालन गर।" र व्यवस्था २४:१८,२२ "१८ तिमीहरू मिश्रमा कमारा हुँदा परमप्रभु परमेश्वरले तिमीहरूलाई मुक्त गर्नुभएको कुरो सम्झना राख। यसकारणले मैले तिमीहरूलाई यसो गर्ने आज्ञा दिएको हुँ।...२२ मिश्रमा तिमीहरू कमारा भएका कुरा सम्झना राख। यही कारणले मैले तिमीहरूलाई यसो गर्ने आज्ञा दिएको हुँ।"**

परमेश्वरले इस्राएलीहरूलाई कसरी अचम्म तरिकाले मिश्र देशबाट छुटाएर ल्याउनुभयो सो तिनीहरूको दिमागमा निरन्तररूपमा राखिराख्न उहाँले पुरानो करारभरि उल्लेख गर्नुभएको हामीले देख्दछौं। हजारौं वर्षपछि पनि आज यहूदी भक्त जनहरूले निस्तार चाड मनाउँछन्। परमेश्वरले तिनीहरूलाई के गर्नुभयो सो यस चाड स्मारकको रूपमा तिनीहरूलाई याद दिलाइरहेको हुन्छ। प्रस्थानको पुस्तक नै तिनीहरू नबिर्सुन भनेर त्यसैमा यो आदेश उल्लेख गरिएको छ, "२४ “तिमीहरूले यी कुरा सदाको निम्ति एक रहिरहने विधि स्वरूप आफू र आफ्ना भावी सन्तानका लागि मान्नू। २५ जब तिमीहरू परमप्रभुले प्रतिज्ञा गरेर दिनुभएको देशमा पस्नेछौ, तब तिमीहरूले यो चाड़ मान्नू। २६ जब तिमीहरूका छोराछोरीले यस चाड़को अर्थ के हो भनी सोध्छन्, २७ तब तिमीहरूले भन्नू, थो परमप्रभुको निस्तार-चाड़को बलिदान हो। उहाँ मिश्रमा इस्राएलीहरूका घरहरूबाट भएर जानुभयो, र उहाँले मिश्रीहरूलाई प्रहार गर्नुहुँदा हामीहरूका घरचाहिँ उहाँले छोड्नुभएको थियो।” तब मानिसहरूले शिर निहुराएर आराधना गरे" (प्रस्थान १२:२५-२७)।

आज हामी येशूभक्तहरूको निम्ति निस्तार चाडको प्रतिक येशू ख्रीष्ट हुनुभएको छ। उहाँले हामीलाई पापको राज्यबाट स्वतन्त्र गर्नुभएको छः "हाम्रो निस्तारको थुमा, ख्रीष्टको बलिदान भइसकेको छ" (१ कोरिन्थी ५:७)।

**एफिसी २:८-१३ पढ्नुहोस्। पावलले गैर यहूदी इसाईहरूलाई सम्बोधन गरेका थिए। ती यहूदी जातिभन्दा बाहिरका विश्वासीहरूलाई के याद गर्नुपर्छ भनेर उनले भनेका थिए? व्यवस्थाको पुस्तकका इस्राएलीहरूलाई के सम्झिनुपर्छ भनेर भनेको कुरा यहाँ कसरी मिल्दछ? हेर्नुहोस्, "८अनुग्रहबाट विश्वासद्वारा तिमीहरूले उद्धार पाएका छौ— र यो तिमीहरू आफैबाट होइन, यो त परमेश्वरको वरदान हो— ९ कर्महरूद्वारा होइन, नत्रता मानिसले घमण्ड गर्नेछ। १० किनकि हामी असल कामहरूका निम्ति ख्रीष्ट येशूमा सृजना**

**गरिएका उहाँका हातका सीप हौं। हामी ती बमोजिम हिँड़ौं भन्ने हेतुले परमेश्वरले पहिलेबाटै ती तयार गर्नुभएको थियो। ११ यसकारण याद राख, अघि तिमीहरू शरीरअनुसार अन्यजाति छँदा शरीरमा हातबाट खतना गरिएकाहरूले तिमीहरूलाई बेखतनाका मान्दथे। १२ याद राख, तिमीहरू त्यस बेला ख्रीष्टबाट अलग, इस्राएलका नागरिक हकबाट बाहिर भएका थियौ, र प्रतिज्ञाका कराहरूबाट बिराना, आशा नभएका र यस संसारमा परमेश्वररहित थियौ। १३ तर तिमीहरू, जो त्यस बेला ख्रीष्ट येशूबाट टाढ़ा थियौ, अब ख्रीष्टको रगतले नजिक भएका छौ।"**

यहूदी जाति वा राष्ट्रभन्दा बाहिरका मानिसहरूलाई ख्रीष्टद्वारा परमेश्वरले के गर्नुभयो सो तिनीहरूले सम्झियोस भन्ने पावलले चाहेका थिए। येशूले तिनीहरूलाई कसबाट उद्धार गर्नुभयो र तिनीहरूमाथि परमेश्वरको अनुग्रह खन्याइएकोले तिनीहरू अब के भयो सो तिनीहरूले सोच्नुपर्दथ्यो। जसरी इस्राएलीहरूको उद्धारमा तिनीहरूको अथक प्रयास वा धर्मकर्मद्वारा होइन र परमेश्वरको अगाडि तिनीहरूले फुर्ती अपेक्षा गरिएको थिएन बरू परमेश्वरकै प्रयासले तिनीहरूलाई उद्धार गरिएको थियो, त्यसरी नै ती गैर यहूदी विश्वासीहरूलाई पनि परमेश्वरकै अनुग्रहले उद्धार गर्नुभएको थियो भनेर तिनीहरूले सम्झिनुपर्दथ्यो। तिनीहरू प्रतिज्ञाका करारबाट बाहिरका भएतापनि, येशू ख्रीष्टद्वारा तिनीहरू परमेश्वरमा मिल्ने अवसर पाएका थिए।

चाहे उजाड स्थानमा यात्रा गरिरहेका यहूदीहरू होस्, एफिसीका इसाईहरू होस् वा संसारका जहाँ रहेतापनि सेभेन्थ-डे एडभेन्टिस्टहरू होउन्, हामीहरू सबैले यो याद गर्नु र नबिर्सिनु अत्यन्तै जरुरी छ कि परमेश्वरले ख्रीष्टद्वारा हामीलाई के गर्नुभयो। त्यसैकारण हामीलाई यी कथन दिइएको छः "दिनको एक घन्टा येशूको जीवनको बारेमा ध्यान गर्नु हाम्रो निम्ति हितकर हुन्छ। उहाँको जीवनको बिन्दुबिन्दुलाई केलाएर सोच्नुपर्दछ। हामीहरूको दिमागले येशूको जीवनको बारेमा कल्पना गर्नु पर्दछ। विशेष गरेर उहाँका अन्तिम दिनहरूप्रति ध्यान दिनु हाम्रो निम्ति असल हुन्छ। जब उहाँले हाम्रो निम्ति गर्नुभएको महान् बलिदानको बारेमा सोच्दछौं तब उहाँमाथि हाम्रो आस्था, भरोसा अझ निरन्तररूपमा बलियो भएर जानेछ, उहाँप्रति हाम्रो मायामोह गहिरिन्दै जानेछ र उहाँको आत्माले भरिभराऊ भएर चल्न हामी सक्षम् हुनसक्छौं।"-एलेन जी ह्वाइट, *द डिजाएर अभ एजेज्,* पृ. ८३बाट रूपान्तरित।

**उपसंहारः**

**"ओहो!** गलत काममा फसिरहन रुचाउने परमेश्वरका सृष्टि वा जनहरूको निम्ति बादलमा इन्द्रेनी राखिदिनुभएर उहाँको करार वा मानिसहरूको सर्वोत्तम हितको चाहना उहाँको प्रतिवद्धताको चिनोले उहाँको महान् कृपा, करुणा, अनुग्रह र सदाशयतालाई कसरी देखाउँदो रहेछ! जब इन्द्रेनी देखा पर्छ तब आफ्नो करार सम्झिनेछु भनेर परमेश्वरले आफ्नो प्रतिवद्धता जनाउनुहुन्छ। त्यसको अर्थ उहाँले बिर्सनुहुन्छ भनेको होइन; तर उहाँले हाम्रो भाषा वा लवजमा बोल्नुभएको थियो। हामीले हाम्रै भाषा वा बोलीले उहाँलाई अझ राम्रोसँग बुझ्न सकौं वा चिन्न सकौं भन्ने उहाँ चाहनुहुन्छ। पुस्तौं पछिका सन्तानहरूले जब महिमामय सुन्दर इन्द्रेनी आकाशमा देखा पर्छ तब तिनीहरूका बाबुआमाले जलप्रलयको कथा तिनीहरूलाई सुनाउन् भन्ने परमेश्वरको चाहना थियो। अत्यन्त महान् उच्च परमेश्वरले आफ्नो धनु निहुराएर बादलमा राख्नुहुँदा अब सारा पृथ्वी पानीबाट नष्ट हुनेछैन भन्ने उहाँको बाचा सबैलाई सुनाउन् भन्ने उहाँ चाहनुहुन्छ। त्यसरी पुस्तौं पुस्तौंसम्म ईश्वरीय प्रेमको गवाही तिनीहरूले थाहा पाउन् र परमेश्वरमाथि तिनीहरूको आस्था र भरोसा बलियो हुन सकुन्।"-एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस्,* पृ. १०६,१०७बाट रूपान्तरित।

इसाई जगतको सुरुदेखि आजसम्म यस संसारमा कुनै चर्च छैन जसले अरू सम्पन्न चर्चका मानिसहरूको धन र सुविधाको उपभोग गर्न सकुन्। कुन् मोलमा आफूसँग भएको धन, प्रभाव र आत्मिकता अरूको हितमा उपयोग नगरि बस्ने? इसाईहरूको मूल्यमान्यता, गुण र स्वार्थत्यागको गुणस्तरलाई धनसम्पत्ति र भौतिक सुविधाहरू कहिले उचालेको छ र वा सक्छ र? अर्थात् धनसम्पत्ति, भौतिक सुविधा र आफूले चाहेका कुराहरू पूरा भयो भन्दैमा आत्मिक स्तर वा परमेश्वरसँगको नजिकता हुन्छ र वा हुनुपर्छ र? तर प्रायजसो त्यसो भएको पाइन्दैन अर्थात्ः मानिसहरूमा जति धेरै भयो त्यति आफूहरू आफ्नै खुट्टाले उभिएको र कसैको भरोसामा आफू नउचलिएको वा उचलिन आवश्यक नै छ भन्ने मनस्थितिले ढाकेको हुन्छ र परमेश्वरप्रतिको भरोसामा पनि तिनीहरू कमजोर हुन निहुँ खोजिरहेको हुन्छ। धनसम्पत्ति, फलिफाप, सुविधासम्पन्नता जतिसुकै असल भएतापनि (आखिरमा छ दिन काम गर भन्ने परमेश्वरको आदेश अनुसार कोही आफ्नो मेहनतले धनी भयो भने त्यसलाई खराब भन्न मिल्दैन) आत्मिक जीवनमा तिनीहरू धराप हुन सक्छ वा आत्मिक जीवनलाई निस्सासी दिन सक्छ।

**चिन्तनमननः**

अ. धनसम्पत्ति, सुविधा, सम्पन्नताले मानिसहरूको आत्मिक जीवनलाई कसरी असर पार्न सक्छ? फेरि एक देशका धनी मानिस वा एक धनी मानिसको निम्ति आफूभन्दा अरू धनी देख्दा आफू गरिब भएको महसुस गर्ने मानिसको बानी पनि गजब नै छ। धन सम्पत्ती वा सम्पन्नताले आत्मिक खतराहरू सृजन सक्नेबाट बच्न के के उपायहरू हुनसक्छन्?

आ. यस संसारमा येशूको आखिरी दिनहरूको बारेमा सोच्नुहोस् र त्यसले हामीप्रति परमेश्वरले देखाउनुभएको प्रेम कसरी प्रकट गरेको छ र उहाँको प्रेमको वास्तविकतालाई हामीले किन कहिल्यै पनि बिर्सिनुहुन्न? तपाईंप्रति परमेश्वरको हित वा भलाइ प्रकट भएको अरू केही सोच्न सक्नुहुन्छ? परमेश्वरको सदाशयता र हामीप्रति उहाँले गर्ने भलोको वास्तविकतालाई हाम्रो दिमागमा किन राखिरहनुपर्दछ?

इ. बाइबलबाट र इन्द्रेनीबाट बताएतापनि कतिपय वैज्ञानिकहरूले जलप्रलयबाट पृथ्वी नाश भएको छैन र छ दिनमा संसारको सृष्टि भएको होइन भनेर सिकाउँदछन्। सातौं दिन साबथको स्मरणले गर्दा छ दिनमा संसारको उत्पत्ति भएको हो भनेर प्रमाण भएतापनि कतिपय इसाईहरूले साबथ दिनको गरिमामयलाई फ्याँकिन्दा परमेश्वरले विश्वास नगर्ने चाहे वैज्ञानिक वा धार्मिकहरू किन नहोस् आफूहरू नै ठिक छु भन्ने मनस्थितिलाई कसरी उब्जाउँछ? संस्कार, हाम्रो समाज, संस्कृति, दर्शन र विज्ञानले हाम्रो आस्थामा कसरी शक्तिशालीरूपमा प्रभाव पार्न सक्छ, सोच्नुहोस्।

## कथा १०
## एसओएस अर्थात् सङ्कटमा सहयोग गर्ने परमेश्वरको सुसमाचारवाहक
## जाङ्ग सो-ही, १९, दक्षिण कोरिया



युवा अवस्थामै, प्रभुको निम्ति अरूदेशमा गएर सुसमाचारवाहक हुन मैले चाहेको थिएँ। तर कसरी? भन्ने प्रश्न मेरो दिमागमा गुञ्जीरहेको थियो। म सानै हुँदा मेरो बुबाको देहान्त भएको थियो। इसाई भन्ने को हो भन्ने थाहा पाउन मेरी आमामात्रै एक जना थिइन्। अरू सबै आफन्तहरू झाँक्री, तन्त्रमन्त्र गर्ने, झारफुक गर्ने र मरेका पूर्खाहरूलाई पूजा गर्दथे। हामी दक्षिण कोरियाका बासिन्दा हौं।

एक दिन मेरी आमाले मलाई रमाइलो खबर सुनाइन्। "एक जना अध्यापकलाई मैले चिनेको छु। उनले अरू देशहरूमा सुसमाचारवाहकहरू पठाउँछन्। तिम्रो सपनाको बारेमा उनी तिमीसित कुरा गर्न चाहन्छन्," उनले मलाई सुनाइन्।

म अत्यन्तै खुशी भएँ। त्यस अध्यापकसँग भेट्न मैले समय मिलाए। केही दिनपछि म त्यस अध्यापकलाई भेट्न जाँदै थिए, एक हुल युवा युवतीहरू बाटोमा भेटेँ। सबैले देख्नेगरि तिनीहरूले टी-शर्ट लगाइरहेका थिए। ती टी-शर्टहरूमा "एसओएस" अर्थात आपद पर्दा गुहार माग्ने शब्द लेखिएको थियो। अनि बाटोमा तिनीहरूसँग भेटेर चिनापर्ची गरें। त्यसबेला तिनीहरूले मलाई पनि नजिकैको सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा भइरहेको सुसमाचारीय कार्यक्रममा सरिक हुन निम्तो दिए। ती युवायुवतीहरूसँग तिनीहरूको चर्चमा गएँ। काठले बनाएको त्यो चर्च मलाई सार्है मन परेको थियो।

जब म इसाई हुँ भनेर त्यस पास्टरले थाहा पाए, तब मलाई साबथको बारेमा केही थाहा छ कि भनेर उनले मलाई सोधे। म त आइतबार चर्चमा जान्थें। हप्ताको सातौं दिनमात्र साबथ हो भनेर मलाई त्यस पास्टरले सिकाए। जब उनले मसँग कुरा गर्दै थिए, तब मेरो हृदय जलिरहेको थियो। त्यसैबेला, मेरो मोबाइल बज्यो। त्यो फोन अध्यापकको थियो, र मेरो निम्ति उनी पर्खीरहेका थिए। यो अचम्मको थियो। उनीसँग धेरै कुराहरू गर्न चाहेको थिएँ, तर जब पास्टरले मसँग कुरा गर्दै थिए, उनका वचनहरूले मेरो मनमा

घचघचाइरहेका थिए। त्यस अध्यापकलाई म अर्को दिन आउँछु भनेर वचन दिएँ।

त्यस दिन बेलुका, मैले साबथ, दोस्रो आगमन, परमेश्वरको न्याय, उहाँले दिनुहुने मुक्ति, र परमेश्वर र सैतानको बीचमा भइरहेको वैचारिक युद्धको बारेमा मैले सिकें। मेरो हृदय खुशीले गदगद भइरहेको थियो।

अर्को दिन, म त्यही मनमोहक काठको चर्चमा बाइबलको बारेमा अरू कुराहरू सिक्न गएँ। जब म त्यहाँ थिएँ, तब त्यस अध्यापकले मलाई फेरि फोन गरे, म सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा बाइबल अध्ययन गर्दैछु भनेर उनलाई सुनाएँ। त्यस अध्यापक त असाध्यै रिसाएर भन्यो पक्का इसाईहरू एडभेन्टिस्टहरूको शिक्षा पालन गर्दैनन्, र उनले आफ्ना शिक्षाहरू मलाई सुनाए। त्यसबेला पास्टर पनि सँगै थिए। हाम्रो बीचमा जे जे कुरा भइरहेको थियो, सो उनले सुनीरहेका थिए। हाम्रो कुराकानी पछि, त्यस पास्टरले हाम्रो बीचमा भइरहेको कुराकानीको बारेमा सुनाए। त्यो अध्यापक त बाइबल होइन तर पवित्र आत्मालाईमात्र मान्नुपर्छ भन्ने विश्वास गरि अरू इसाईहरूबाट अलग भएको इसाई झुण्डको सदस्य जस्तो भएको उनले मलाई बताए। मेरी आमा पनि त्यही समूहकी थिइन्।

मलाई दुःख लाग्यो र मेरी आमाप्रति रिस पनि उठ्यो। उनले जालझेल खेलेर त्यस समूहमा सरिक हुन प्रयास गरेकी थिइन् भनेर मैले थाहा पाएँ। आमालाई बाइबल पढ्न मैले अनुरोध गरें, र एडभेन्टिस्ट पास्टरसँग बाइबल अध्ययन गर्न पनि अनुरोध गरें। उनी झन मसँग रिसाइन् र मेरो कुरा नमान्ने भनेर बताइन्। अब के गर्ने मलाई थाहा भएन।

पास्टरले मलाई सहम्युक एडभेन्टिस्ट विश्वविद्यालयमा भर्ना हुन सल्लाह दिए। "त्यहाँ तिमीले बाइबलको बारेमा अझ धेरै विद्याहरू सिक्न सक्छौ र तिम्री आमालाई पनि सत्यमा डोऱ्याउन सक्ने हुनेछौ," उनले मलाई भने।

जब म विश्वविद्यालयमा अध्ययन गर्न थालें, तब मेरी आमाको रिस नरम हुन थाल्यो। म के सिक्दैछु सो मैले उनलाई सुनाएँ  जानाजानी घरमा केही बाइबल अध्ययनका विभिन्न सामग्रीहरू घरमा राखें। अलि अलि गरेर, उनले युट्युबाट एडभेन्टिस्ट सन्देशहरू सुन्न थालिन् र एडभेन्टिस्ट पत्रिकाहरू पनि पढ्न थालिन्। परमेश्वरको अनुग्रहले, म २०२० मा त्यस युनिभर्सिटीबाट ग्राजुयट भएँ।

मेरी आमाको समूह दक्षिण कोरियामा कोरोना महामारी फैलाउनमा अग्रज भूमिका खेल्नेमा गनिन थालियो। त्यस समूहले दक्षिण कोरियामा अचाक्लिमात्रामा महामारी फैलाएको थियो। मेरी आमासहित हजारौं मानिसहरूलाई त्यस महामारीका सिकार भए। परमेश्वरलाई धन्यवाद दिन्छु कि, मेरी आमा छिट्टै निको भइन्, तर मेरी आमाको समूहको चर्च बन्द भयो र तिनीहरूको बीचमा हुने सभालाई सरकारले मनाही गर्‍यो। म विश्वास गर्छु कि परमेश्वरको बारेमा पूरा ज्ञान मेरी आमाले पाओस् भनेर उहाँले अगुवाइ गरिरहनुभएको छ।

येशूका यी शब्दहरूलाई म धेरै मन पराउँछु, "मानिसको पुत्र हराएकाहरूलाई खोज्न र उद्धार गर्न आएको हो" (लूका १९:१९ रूपान्तरित)। यो त मलाईनै उहाँले भन्नुभएको थियो। जब म पछाडि फर्केर हेर्छु, तब परमेश्वरकै सहायताले मैले ती एसओएस सुसमाचारवाहकहरूलाई भेटेको रहेछु भनेर महसुस गर्दछु। मैले मेरी आमाको बारेमा पनि जान्न पाएँ। खास गरेर एसओएसको अर्थ हो, "स्यालभेशन वा मुक्ति, येशूमामात्र" (Salvation, Only in Jesus)। म अहिले एसओएस सुसमाचारवाहक हुने योजनाको तरखरमा छु। मेरी आमा र संसारलाई प्रभुको सत्य सुमाचार सुनाउने मेरो अठोट प्रयास छ। यो नै मेरो सपनाको जवाफ थियो।

**-जाङ्ग सो-ही**